**धनगढी उप महानगरपालिका**

# स्थानीय राजपत्र

**खण्डः ४** **संख्याः १४** **मितिः २०७७/१०/२९**

## भाग-२

**धनगढी उप महानगरपालिका**

### नगर स्तरिय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि, २०७७

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।१०।२९**
**राजपत्रमा प्रकाशन मितिः २०७७।११।०२**

**प्रस्तावना :** मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ जुन विशेष ऐनको रुपमा रहेको छ। यस विशेष ऐन लाई प्रभावकारी कार्यान्वयन गर्नका लागि निर्मित मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) नियमावली २०६५, मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) समिति (गठन तथा परिचालन) (पहिलो संशोधन) नियमावली, २०७७ र मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका, २०६५ अनुसार मानव बेचबिखन तथा ओसारपसार लाई नियन्त्रण गर्नका लागी केन्द्र देखि स्थानीय तह सम्म समितीहरु गठन तथा परिचालन गर्ने व्यवस्था गरेको छ। यसै ऐन र नियामावली तथा निर्देशिका अनुसार बिगतमा केन्द्रीय समिति,जिल्ला समिती र स्थानिय समितीहरु गठन तथा परिचालन गरि रोकथाम ,संरक्षण, अभियोजन लगायतका कार्य गर्दै आएको छ। यसै क्रममा समन्वय र सहकार्यलाई पनि उच्च प्राथमिकताका साथै मानव बेचबिखन तथा ओसार पसारलाई नियन्त्रण गर्ने विविध कार्यहरु



धनगढी उप-महानगरपालिका राजपत्र

गरिरहेको छ । यसै अनुसार स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी समितिहरूको गठनमा एकरूपता ल्याउन तथा परिचालन गर्ने प्रयोजनका लागि कार्यविधिको आवश्यकतालाई मनन गर्दै नगर स्तरिय समितिको गठन तथा काम, कर्तव्य र अधिकार निर्धारणका लागि यो कार्यविधि तयार पारिएको हो ।

नेपालको संबिधान २०७२ को भाग ३ को धारा २९ मा उल्लेखित शोषण बिरुद्धको हकको उपधारा ३ मा कसैलाइ पनि बेचबिखन गर्न, दास वा बधुवा बनाउन पाइने छैन र कसैलाई पनि निजको इच्छा बिपरित काममा लागाउन पाइने छैन भनि स्पष्ट उल्लेख गरिएको छ । साथै संघीय राज्यको व्यवस्था मुताबिक स्थानीय सरकार संचालन ऐन २०७४ अर्न्तगत स्थानीय तह संचालन हुदै आइरहेका छन । उक्त ऐनको दफा १४ मा स्थानीय सरकारले विभिन्न विषयगत समिती उप-समितीहरुको गठन गर्न सक्ने ब्यवस्था गरे मुताविक मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नगर स्तरीय तथा वडा समिती गठन गरिने छ । यस धनगढी उप-महानगरपालिकाको स्थानीय तहको प्रशासकिय (नियमित गर्ने) कार्यबिधि ऐन २०७७ को दफा ४ र स्थानिय सरकार संन्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम यो **" नगर स्तरिय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि, २०७७"** तर्जुमा गरी लागू गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"नगर स्तरिय मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि २०७७"** रहने छ ।

(२) यो कार्यविधि धनगढी उप-महानगरपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) **"ऐन"** भन्नाले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४ सम्झन पर्दछ ।

(ख) **"नियमावली"** भन्नाले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) नियमावली २०६५, सम्झनु पर्दछ ।

(ग) **"स्थानीय तह "** भन्नाले धनगढी उप महानगरपालिका सम्झनु पर्दछ ।

(घ) **"वडा कार्यालय "** भन्नाले धनगढी उपमहानगरपालिका वडा नं १ देखि १९ नम्बर सम्मका सबै वडा कार्यालय सम्झनु पर्दछ ।

(ङ) **"समिति"** भन्नाले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिति सम्झनु पर्दछ ।

(च) **"नगर स्तरीय समिति"** भन्नाले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण धनगढी उपमहानगरपालिका स्तरीय समिति सम्झनु पर्दछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

(छ) **"वडा समिति"** भन्नाले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण धनगढी उपमहानगरपालिका वडा नं १ देखि १९ नम्बर सम्मका सबै वडामा गठित समिती सम्झनु पर्दछ ।

## परिच्छेद - २
## नगर स्तरीय समिती

**(३) मानव बेचविखन तथा ओसार पसार नियन्त्रण नगर स्तरीय समिति सम्वन्धि व्यबस्था देहाय बमोजिम हुनेछ :**

मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) नियमावली २०६५, मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) (पहिलो संशोधन) नियमावली २०७७ र मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका २०६५ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ अनुसार मानव बेचविखन तथा ओसार पसार लाई नियन्त्रण गर्नका लागि धनगढी उप महानगरपालिकामा देहाय बमोजिमको नगर स्तरीय समिती रहनेछ ।

**तपशिल :**

| | |
|---|---|
| (१) नगर प्रमुख | **संयोजक** |
| (२) न्यायिक समितिको संयोजक | **सदस्य** |
| (३) प्रमुख, स्थानीय प्रहरी कार्यालय | **सदस्य** |
| (४) प्रधानाध्यापक वा निजले तोकेको शिक्षक (स्थानीय तह भित्रका सबै भन्दा उच्चतहको कुनै एक विद्यालय) | **सदस्य** |
| (५) संयोजक नगर स्तरिय बाल संजाल | **सदस्य** |
| (६) प्रमुख, स्वास्थ्य शाखा | **सदस्य** |
| (७) संयोजक, रोजगार सेवा तथा सुचना केन्द्र | **सदस्य** |
| (८) प्रमुख, शिक्षा शाखा | **सदस्य** |
| (९) प्रमुख, कानून शाखा | **सदस्य** |
| १०) प्रमुख,महिला तथा बालबालिका शाखा | **सदस्य** |
| (११) सभापती, पत्रकार महासंघ | **सदस्य** |
| (१२) अध्यक्ष, उद्योग वाणिज्य संघ | **सदस्य** |
| (१३) मानव बेचबिखन तथा ओसारपसार विरुद्धको क्षेत्रमा काम गर्ने गैसस संस्थाको प्रतिनिधि १ जना | **सदस्य** |
| (१४) मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरु मध्येबाट सम्बन्धित स्थानीय तहले मनोनीत गरेको एक जना सदस्य(उपलब्ध भए सम्म) | **सदस्य** |
| (१५) प्रमुख, सामाजिक विकास शाखा | **सदस्य सचिव** |

धनगढी उप-महानगरपालिका राजपत्र

## परिच्छेद - ३
## नगर स्तरीय समितिको काम, कर्तव्य र अधिकार

(६) **नगर स्तरीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) मानव बेचबिखन तथा ओसार पसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने,

(ख) मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित स्थानीय तहमा लगत तथा अभिलेख अद्यावधिक गर्ने,

(ग) पिडित सहायताका लागि आवश्यक अर्न्तक्रिया तथा अन्तर स्थानिय तह समन्वय तथा सिफारीसको कार्य गर्ने,

(घ) स्थानीय स्तरमा पिडित सहायता तथा मानव बेचबिखन विरुद्दका कार्यक्रमहरु सञ्चालन गर्न मानव बेचबिखन विरुद्दको कोष स्थापना र सञ्चालन गर्ने,

(ङ) स्थानीय तहमा सभा सदस्य तथा सरोकारवालाहरु माफ मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने,

(च) स्थानीय स्तरका कार्यक्रमहरु सञ्चालन गर्न अन्य सरकारी निकाय, गैसस तथा निजि क्षेत्रसँग सहकार्य र समन्वय गर्ने,

(छ) प्रत्येक वडामा वडा अध्यक्ष वा तोकिएको सदस्यको संयोजकत्वमा मानव बेचबिखन विरुद्दको वडा स्तरीय समिति गठन र परिचालन तथा सबलीकरण गर्ने,

(ज) नगर स्तरीय समितिको बैठक बार्षिक न्युनतम ६ पटक र आवश्यकता अनुसार सो भन्दा बढी पनि बस्न सक्नेछ ,

(झ) उप-महानगरपालिकामा रहेका रोजगार प्रवर्द्धन, महिला विकास, बाल अधिकार प्रवर्द्धन, कृषि विकास, पशु विकास वा यस्तै समुदायमा केन्द्रित कार्यक्रमहरूलाई पीडित तथा जोखिम क्षेत्रका बासिन्दाहरूलाई लक्षित गरी सञ्चालन गर्ने छ ।

धनगढी उपमहानगरपालिका राजपत्र

# परिच्छेद - ४
# वडा स्तरीय समिति

(८) **वडा स्तरीय समिति सम्वन्धि व्यवस्था देहाय बमोजिम हुनेछ :**
स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १४ अनुसार स्थानिय सरकारले विभिन्न विषयगत समिति उप-समितिहरुको गठन गर्न सक्ने व्यवस्था रहेको र मानव बेच बिखन तथा ओसारपसार नियन्त्रणका लागि धनगढी उप महानगरपालीकले प्रत्येक वडामा देहाय बमोजिमको वडा स्तरीय समिति गठन गर्नेछ :

**तपशिलः**

| | | |
|---|---|---|
| (१) | वडा अध्यक्ष, | **संयोजक** |
| (२) | महिला प्रतिनिधि, वडा स्तरीय | **सदस्य** |
| (३) | सिमान्तकृत तथा दलित समुदायबाट महिला | **सदस्य** |
| (४) | महिला समुह/किशोरी समुह | **सदस्य** |
| (५) | संयोजक, वडा स्तरीय बाल संजाल | **सदस्य** |
| (६) | प्रधानाध्यापक, स्थानीय तह भित्रका सबै भन्दा उच्च तहको विद्यालय | **सदस्य** |
| (७) | प्रमुख, स्थानीय स्वास्थ्य सेवा केन्द्र | **सदस्य** |
| (८) | स्थानीय प्रहरी कार्यालय | **सदस्य** |
| (९) | स्थानीय तहमा क्रियाशील संघ संस्थाका प्रतिनिधि १ जना | **सदस्य** |
| (१०) | मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरु मध्येबाट सम्बन्धित स्थानीय तहले मनोनीत गरेको एक जना सदस्य (उपलब्ध भएसम्म) | **सदस्य** |
| (११) | सम्बन्धित वडाको वडा सचिव | **सदस्य सचिव** |

# परिच्छेद - ५
# वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार

(९) **वडा स्तरीय मानव बेचबिखन विरुद्दको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने,

(ख) आफनो कार्यक्षेत्र भित्र पिडितको उद्धार तथा संरक्षणको व्यवस्था गर्दै, पिडित सहायताका लागि आवश्यक अन्तर्निकाय तथा अन्तर स्थानीय तह समन्वय तथा सिफारीसको कार्य गर्ने ।

(ग) स्थानीय तहमा सभा सदस्य तथा सरोकारवालाहरु माझ मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने ।

(घ) वडा स्तरीय समितिको बैठक बार्षिक न्युनतम ६ पटक र आवश्यकता अनुसार सो भन्दा बढी पनि बस्न सक्नेछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

(१०) **कार्यबिधि संशोधन तथा खारेजी :** सम्बन्धित नगर कार्यपालिकाले समितिको कार्यविधि परिवर्तन, परिमार्जन,संशोधन तथा खारेजी गरेमा सोही बमोजिम हुनेछ ।

(११) **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे नगर कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

(१२) **बचाउः** (१) यस कार्यविधिमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस अघि नगरपालिकाबाट भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

धनगढी उप-महानगरपालिका राजपत्र

**आज्ञाले,**

...........................

**हरि बहादुर चन्द**

**प्रमुख प्रशासकिय अधिकृत**

**धनगढी उप महानगरपालीका**